# निजगढ राजपत्र

## निजगढ नगरपालिकाद्वारा प्रकाशित

खण्डः ४ | संख्याः २५ | मितिः २०७७/०९/१६

### भाग -२

# निजगढ नगरपालिकाको जल उपभोक्ता संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना**

नगरपालिका क्षेत्र भित्रको भुमिगत वा भू–सतहमा वा अन्य कुनै अवस्थामा रहेको जलश्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलश्रोतको लाभदायक उपयोगहरूको निर्धारण गर्न, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने एवं जलश्रोतलाई प्रदुषणमुक्त राख्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(ध.१) र दफा ११(४)(ग)(३) बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्रका खानेपानी,

सिंचाईं तथा जलश्रोत संस्था व्यवस्थापन गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले निजगढ नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित तथा व्यवस्थित गर्ने) ऐन, २०७५ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी निजगढ नगर कार्यपालिकाले "निजगढ नगरपालिकाको जल उपभोक्ता संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७७" जारी गरेकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः–** (१) यस कार्यविधिको नाम "निजगढ नगरपालिकाको जल उपभोक्ता संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भै राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः–** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यपालिका" भन्नाले निजगढ नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ख) "जलश्रोत" भन्नाले नगरपालिका भित्रको भू–सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ ।

(ग) "उपभोक्ता संस्था" भन्नाले दफा ५ बमोजिम गठित संस्था सम्झनु पर्दछ ।

(घ) "उपभोक्ता" भन्नाले जलश्रोत उपयोग गर्ने ब्यक्ति वा समूहलाई सम्झनुपर्छ ।

(ङ) "नगरपालिका" भन्नाले निजगढ नगरपालिकालाई सम्झनुपर्दछ ।

**३. जलश्रोतको स्वामित्व :** यस नगरपालिका भित्र रहेको जलश्रोतको स्वामित्व प्रचलित कानूनको अधिनमा रही निजगढ नगरपालिकामा निहित रहनेछ ।

**४. जलश्रोतको उपयोगः** (१) यस कार्यविधि बमोजिम जलश्रोतको उपयोग देहाय बमोजिम हुनेछ ।

(क) ब्यक्तिगत वा सामुहिक रुपमा खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) ब्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गामा सिंचाई गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पानी चक्की चलाउन,

(घ) जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको जलश्रोत तोकिए वमोजिम उपयोग गर्न,

(२) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संस्थाले अरूलाई मार्का नपर्ने गरी लाभदायक उपयोग गर्नु पर्नेछ ।

**५. जल उपभोक्ता संस्थाको गठनः** (१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलश्रोतको उपयोग गर्न चाहने नगरबासीले जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) वमोजिम गठन गरिएको जल उपभोक्ता संस्था दर्ताको लागि निजगढ नगरपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम पेश भएको निवेदन उपर आवश्यक प्रकृया पूरा गरी *अनुसूचि–१* बमोजिमको दर्ता प्रमाण पत्र दिनु पर्नेछ ।

(४) जल उपभोक्ता संस्था/समिति दर्ता गर्दा तपसिलमा उल्लेख विवरणहरू निवेदन सहित नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

- आम भेलाको माइन्युट (सहमती तथा मञ्जुरी प्रदान)
- व्यक्तिगत जग्गामा पर्ने भए मन्जुरीनामा
- विधान २ प्रति
- जल उपभोग गर्ने कार्ययोजना
- समितिको निर्णय
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- समितिको पदाधिकारीहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- निवेदन

(५) विधानमा खुलाउनु पर्ने विवरणहरू : नियम ५(४) बमोजिम पेश गर्नु पर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी कम्तीमा देहायका विवरणहरू खुलाउनु पर्नेछ ।

(क) पुरा नाम र ठेगाना,

(ख) उदेश्य तथा कार्यक्षेत्र,

(ग) सदस्यको लागि योग्यता,

(घ) सदस्यको निष्काशन र राजिनामा,

(ङ) साधारण सभा सम्बन्धी,

(च) उपभोक्ता समितिको गठन, निर्वाचन एवं काम, कर्तव्य तथा अधिकार सम्बन्धी,

(छ) उपभोक्ता समितिको पदमा वहाल रहन नसक्ने अवस्था,

(ज) उपभोक्ता समितिको बैठक सम्बन्धी व्यवस्था,

(झ) कोष र लेखा परीक्षण,

(ञ) विधान संसोधन,

(ट) विघटन,

(ठ) विविध ।

६. दर्ता तथा नवीकरण शुल्कः संस्था दर्ता तथा नविकरण शुल्क निजगढ नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

७. नवीकरण सम्बन्धी व्यवस्था : संस्थाको नवीकरण २/२ वर्षमा गर्नु पर्नेछ ।

**६. उपभोक्ता संस्था सङ्गठित संस्था हुने :** (१) दर्ता भएको जल उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वसाशित र संगठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको आफ्नो काम कार्वाहीको निमित्त आफ्नो छुट्टै छाप तथा लेटरप्याड हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्थपन गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

तर त्यस्तो संस्थाले सञ्चालन गरिरहेको जलश्रोत नगरपालिका स्वयंले ब्यवस्थापन गर्ने भएमा उक्त संस्था विघटन हुनेछ । संस्थामा भएको सम्पूर्ण चल, अचल सम्पत्ति र दायित्व समेत स्वतः नगरपालिकामा रहनेछ ।

७. **जलश्रोत उपयोगको प्राथमिकता क्रमः** (१) नगरपालिका क्षेत्रभित्रको जलश्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नु पर्नेछ ।

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाई,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(ङ) जल यातायात,

(च) आमोद प्रमोद जन्य उपयोग,

(छ) अन्य उपयोग ।

(२) जलश्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा तोकिएको समितिले उपदफा (१) को प्राथमिकताक्रम, दफा ४ को उपदफा (३) बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलश्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमबाट उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको समितिले निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ ।

(४) उपदफा (२) बमोजिम तोकिएको समितिले सोही उपदफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) परम्परा देखि कुनै व्यक्ति वा समुदायले अधिकतम् प्रयोग गर्दै आई रहेको जलस्रोतमा निज वा निजहरूको अग्राधिकार रहनेछ ।

८. **नगरपालिकाले जलश्रोतको उपयोग वा विकास गर्न सक्नेः** (१) निजगढ नगरपालिका आफैले कुनै जलश्रोतको उपयोग वा विकास गर्नमा यस कार्यविधिले कुनै वाधा पुर्याएको मानिने छैन ।

(२) कसैले यस कार्यविधि वमोजिम उपयोग गरेको जलश्रोत र सो सँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक हित र उपयोगका लागि निजगढ नगरपालिकाले आफूले लिई विकास गर्न सक्नेछ ।

(३) उपदफा (२) वमोजिम आफुले लिएको जलश्रोतको उपयोगिता, सम्बन्धीत जग्गा, भवन, उपकरण, वा संरचना वापत

नगरपालिकाले सम्वन्धित व्यक्तिलाई तोकिए वमोजिम क्षतिपुर्ति दिनेछ ।

(४) निजगढ नगरपालिकाले आफ्नो क्षेत्र भित्र अन्य व्यक्ति, निकाय वा संगठित संस्थाले उपयोग गरिरहेको जलश्रोतलाई निजहरूसँगको समन्वयमा पर्यटन व्यवसायलाई प्रवर्धन गर्न आवश्यक कार्ययोजना बनाई लागु गर्न सक्नेछ ।

९. **जलश्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्नेः** १) निजगढ नगरपालिकाले कुनै जलश्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भैसकेपछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरू तोकी हस्तान्तरण गर्न सक्नेछ । तर त्यसरी परियोजना हस्तान्तरण हुने संस्था दफा ५ बमोजिम नगरपालिकामा दर्ता भएको हुनुपर्नेछ ।

२) उपदफा (१) वमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस कार्यविधिको अधिनमा रही आफुले अनुमतिपत्र प्राप्त गरे सरह सो परियोजनाको संचालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

१०. **जलस्रोतको गुणस्तर तोक्ने :** (१) निजगढ नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी जलस्रोतको विभिन्न उपयोगको सम्बन्धमा आवश्यक गुणस्तर तोक्न सक्नेछ ।

(२) जलस्रोतको उपयोग गर्दा उपदफा (१) बमोजिम तोकिएको गुणस्तर कायम हुने गरी गर्नु पर्नेछ ।

**११. जलश्रोतलाई प्रदुषित गर्न नहुनेः** निजगढ नगरपालिका क्षेत्रभित्रको जलश्रोतको प्रदुषण हुने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायन वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलश्रोतलाई प्रदुषित गर्न हुँदैन ।

**१२. वातावरण उल्लेखनीय प्रतिकुल असर पार्न नहुनेः** निजगढ नगरपालिकाभित्रको जलश्रोतको उपयोग गर्दा भू–क्षय, वाढी, पहिरो वा यस्तै अरु कारणद्धारा वातावणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेछ ।

**१३. दण्ड सजाय सम्बन्धी व्यवस्थाः** (१) कसैले यस कार्यविधि वा यस कार्यविधि अन्तरगत बनेको नियम उल्लंघन गरेमा निजलाई तोकिएको अधिकारीले प्रचलित कानून बमोजिम जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपुर्ति भराई दिन सक्नेछ ।

(२) कसैले वदनियतासाथ कुनै खानेपानिको मुहान, बाँध, नहर वा जलश्रोतको उपयोगसँग सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, विगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुर्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानीको विगो असुल गरी निजगलाई बिगो बमोजिम जरिवाना वा प्रचलित कानून बमोजिम कैद सजाय वा दुवै सजाय हुन सक्नेछ ।

**१४. अनुसन्धानको लागि लेखी पठाउन सक्नेः** नगरपालिकाले दफा १३ बमोजिमको कसूर गरेको जानकारी हुन आएमा अनुसन्धानका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

**१५. कार्यविधिको प्रयोग :** यस कार्यविधिमा लेखिएका कुराहरूमा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१६. नियम बनाउने अधिकार :** यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

**१७. बाधा अड्काउ :** यस कार्यविधिको प्रयोगमा कुनै बाधा अडकाउ आएमा बाधा अडकाउ फुकाउने अधिकार कार्यपालिकामा निहित हुनेछ ।

**१८. संसोधन तथा खारेजी :** निजगढ नगरकार्यपालिकाले चाहेमा आवश्यक्ता अनुसार यस कार्यविधिमा संसोधन वा खारेजी गर्न सक्नेछ ।

**आज्ञाले**
**सुमन कुमार कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**

*अनुसूचि १*

दफा ५ को उपदफा (३) सँग सम्बन्धित

जल उपभोक्ता संस्थाको प्रमाणपत्रको नमूना

निजगढ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

निजगढ,बारा

मधेश प्रदेश, नेपाल

जल उपभोक्ता संस्था दर्ता प्रमाण –पत्र

दर्ता नं. दर्ता मितिः .......................

श्री ........................................................,निजगढ नगरपालिका वडा नं. ........ बारालाई निजगढ नगरपालिकाको जल उपभोक्ता संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७७ को दफा ५ को उपदफा (३) बमोजिम दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

प्रमाण पत्र दिने अधिकारी

.............................. ........................................

शाखा प्रमुख प्रशासकीय अधिकृत